बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य ,भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

प.सं.:०८२/०८३
च.नं.: ४३१

भरतपुर, चितवन, नेपाल

मितिः २०८२/०५/११

विषयः सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन।

श्री राप्ती नगरपालिका,
चितवन।

प्रस्तुत विषयमा यस कार्यालयवाट मिति २०८२/०५/११ गते प्रकाशित गरिएको "प्रविधि हस्तान्तरणका लागि प्रस्ताव आह्वान गरिएको सूचना" यसै पत्रसँग संलग्न गरिएको छ। सो सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सार्वजनिक गरिदिनुहुन अनुरोध छ।

२०८२/०५/११
शक्तिमान कुमाल
कम्प्युटर अधिकृत
अधिकृतस्तर सातौं

बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

भरतपुर, चितवन

## प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आह्वान गरिएको सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/११)

यस कार्यालयको आ.व. २०८२/०८३ का लागि स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रविधि हस्तान्तरण कार्यक्रमका लागि प्रदेश कानून बमोजिम यस कार्यालयमा दर्ता भई तपसिलको स्थानमा सञ्चालनमा रहेका तपसिल बमोजिमका उद्योगीहरूले प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची १ को अधिनमा रही प्रविधि खरिद लागतको अधिकतम ५०% वा ५ लाख रुपैयाँमध्ये जुन कम हुन्छ, सोही बराबरको रकम उद्यमीलाई अनुदानस्वरूप उपलब्ध गराउने भएकोले सोही कार्यविधिको दफा ३ बमोजिमको योग्य उधमीहरूले यस सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८२/०६/०९ गते कार्यालय समयभित्र) अनुसूची २ बमोजिमको निवेदन यस कार्यालयमा पेश गर्न आह्वान गरिन्छ।

<u>तपसिलः</u>

| क्र.सं. | प्रविधि हस्तान्तरण कार्यक्रम/क्रियाकलापको नाम | क्षेत्र |
|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण (उद्यमीको ५०% लगानी साझेदारी) | चितवन जिल्लाभर |
| २ | उनको धागो काट्ने मेशिनका लागि प्रविधि हस्तान्तरण इच्छाकामना र दुना टपरी बनाउने मेसिन हस्तान्तरण, रत्ननगर १० | रत्ननगर नगरपालिका वडा नं. १० |
| ३ | दुना टपरी तयारी गर्ने लघु उद्योगलाई साझेदारीमा प्रविधि हस्तान्तरण, | रत्ननगर नगरपालिका वडा नं. १०, हरिहरटोल |

१. निवेदन दस्तुर रु. १००।- (दस्तुरः एक सय रुपैयाँ, राजस्व शीर्षक नं.: १४२२९, कार्यालय कोडः ३०७००३१०१३, राष्ट्रिय वाणिज्य बैंक लि. भरतपुर शाखा, चितवनको बैंक खाता नं. १०००१००२०००१०००० मा राजस्व जम्मा गरेको भौचर र रु.१० को हुलाक टिकट टाँस गरेको निवेदनसाथ पेस गर्नु पर्नेछ।)

२. प्रस्ताव साथ पेस गर्नुपर्ने कागजातहरूः

- प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा निवेदन (वेभसाइटबाट प्राप्त गर्न सकिने)
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- उद्योग दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपी
- उद्योगमा लगानी भएको पूँजी खुल्ने प्रमाणपत्र
- उद्योगको व्यवसायिक योजना (स्किम)
- PAN दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व.सम्मको)
- अनुभव तथा तालिमका प्रमाणपत्रहरू भएमा सोको प्रतिलिपीहरू
- माग गरेको प्रविधिको फोटोसहितको स्पेशिफिकेशन र बजार मुल्य खुल्ने आधिकारिक कागजात
- उद्योग सञ्चालन भएको स्थानको नक्सा (लोकेशन म्याप)
- यस अगाडीका ३ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट प्रविधि वा अनुदान प्राप्त गरेको छैन भन्ने स्वघोषणा पत्र

सूचना सम्बन्धी विस्तृत विवरणको लागि सम्पर्क नम्बरः ०५६-५९४११६, ५९०१९६

..५।११

CamScanner